राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३३९ २०८३ असार २५ गते विहिवार (09 July 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## जनकपुरका गुठी जग्गा संरक्षण गर्न समिति गठन

दैनिक समाचारदाता
जनकपुरधाम, २४ असार । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले बृहत्तर जनकपुर क्षेत्रभित्र रहेका गुठी जग्गा, जानकी मन्दिर परिसर, पोखरी तथा ऐतिहासिक मठ(मन्दिरको संरक्षणका लागि नौ सदस्यीय कार्यान्वयन समिति गठन गरेको छ।




मन्त्रालयले विगतमा विभिन्न अध्ययन, आयोग तथा कार्यदलले दिएका सुझाव प्रभावकारी रूपमा कार्यान्वयन गर्दै जनकपुरधाम उपमहानगरपालिकाभित्र रहेका गुठी सम्पत्तिको संरक्षण र व्यवस्थापनलाई व्यवस्थित बनाउन समिति गठन गरिएको जनाएको छ।

गुठी संस्थानको प्रधान कार्यालयका गुठी प्रशासक ्व घिमिरेको संयोजकत्वमा गठित समितिमा जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समिति धनुषाका जिल्ला समन्वय अधिकारी, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, भूमि प्रशासन कार्यालय धनुषाका प्रमुख, नापी कार्यालय धनुषाका प्रमुख तथा गुठी संस्थान शाखा कार्यालय धनुषाका प्रमुख सदस्य रहेका छन्।

समितिलाई जानकी मन्दिर परिसर, विभिन्न मठ(मन्दिर, पोखरी, पोखरीका डिल तथा अन्य गुठी जग्गामा भएको अतिक्रमण हटाई संरक्षण र व्यवस्थापन गर्ने जिम्मेवारी दिइएको मन्त्रालयले जनाएको छ।

यस्तै, उच्चस्तरीय कार्यदल(२०६२ तथा सरकारी, सार्वजनिक एवं गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोग(२०७६ लगायतका प्रतिवेदनमा उल्लेख गरिएका सुझाव कार्यान्वयन गर्ने जिम्मेवारी पनि समितिलाई दिइएको छ।

समितिले जानकी मन्दिर परिसर, पोखरी तथा पोखरीका डिलमा भएका अतिक्रमणको रेखाङ्कन गरी सम्बन्धित व्यक्तिलाई सात दिनभित्र स्वेच्छाले जग्गा खाली गर्न सूचना जारी गर्नेछ।

अन्य गुठी जग्गामा निर्माण गरिएका घर(टहरा तथा बसोबास भएका क्षेत्रको पहिचान गरी १५ दिनभित्र अतिक्रमण हटाउन सम्बन्धित पक्षलाई निर्देशन दिइनेछ।

तोकिएको समयसीमाभित्र अतिक्रमण नहटाइए स्थानीय प्रशासन र सम्बन्धित स्थानीय तहको समन्वयमा थप १५ दिनभित्र अतिक्रमण हटाइने मन्त्रालयले जनाएको छ।

अतिक्रमण हटाउने प्रक्रिया सम्पन्न भएपछि समितिले १५ दिनभित्र प्रगति प्रतिवेदन मन्त्रालयमा बुझाउनुपर्ने व्यवस्था गरिएको छ।

मन्त्रालयका अनुसार समितिको गठनसँगै बृहत्तर जनकपुर क्षेत्रका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका गुठी सम्पत्तिको संरक्षण, व्यवस्थापन तथा अतिक्रमण नियन्त्रणको काम थप प्रभावकारी हुने अपेक्षा गरिएको छ।

## डा. अमरेश कुमार सिंह चीन प्रस्थान

दैनिक समाचारदाता
जनकपुरधाम, २४ असार । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सांसद डा. अमरेश कुमार सिंह चीन प्रस्थान गरेका छन् । चार दिने भ्रमणका लागि सिंह बुधबार चीन गएको स्वकीय रञ्जित झाले जानकारी दिए ।

सिंह कुन प्रयोजनका लागि चीन गएको भन्ने विषयमा आफूलाई कुनै जानकारी नभएको झाले बताए ।

'चार दिने भ्रमणका लागि उहाँ आज चीन जानुभएको हो । उहाँसँगै अन्य तीन/चार जना सांसद पनि जानुभएको छ । के कार्यक्रमका लागि गएका हुन् भन्ने विषयमा कुनै जानकारी छैन', झाले रातोपाटीसँग भने।



उनी शनिबार स्वदेश फर्किने कार्यक्रम छ । सिंहको चीन भ्रमणलाई अर्थपूर्ण रूपमा हेरिएको छ । पछिल्लो समय बालेन शाह नेतृत्वको सरकारसँग उनी असन्तुष्ट छन्। रास्वपाको चितवनमा

भएको प्रथम महाधिवेशनमा पनि उनी सहभागी भएका थिएनन्।

## शरणार्थी ठगीका ७ आरोपी अझै फरार

दैनिक समाचारदाता
काठमाडौँ २४ असार । भुटानी शरणार्थीको कोटामा अमेरिका पठाइदिने भन्दै ठगी गरेको आरोप लागेका ७ जना प्रतिवादी अझै फरार रहेका छन्।

जिल्ला प्रहरी परिसर काठमाडौँको अनुसन्धानका आधारमा २०८० जेठमा सरकारी वकिलको कार्यालयले ३० जनाविरुद्ध अदालतमा अभियोग दायर गरेको थियो। अभियोग दायर भएदेखि फरार रहेका यी ७ जना मुद्दाको फैसला हुँदासमेत पक्राउ परेका छैनन्।

फरार प्रतिवादीहरूमा अशोक पोखरेल, धिरेन राई, दीपा हुमागाईं, नीरज राई, राजेश अर्याल, मोहनराज राई, विनीता सावदेन लिम्बु र सुनिल बुढाथोकी रहेका छन्। उनीहरू प्रहरीको पक्राउबाट जोगिँदै आएका छन् भने लामो न्यायिक प्रक्रियाका क्रममा अदालतमा पनि उपस्थित भएका छैनन्।

सुनसरीको इटहरी उपमहानगरपालिका-४ का अशोक पोखरेल हाल अमेरिकामा रहेको बताइएको छ। धिरेन राई मोरङको

बाँकी पृष्ठ ३मा

## सर्लाहीमा १२ होटल कारबाहीमा

दैनिक समाचारदाता
सर्लाही, २४ असार । मधेश प्रदेश सरकारले होटल तथा खाजा घरमा खाद्य गुणस्तर र सरसफाइको अवस्था जाँच गर्ने अभियानअन्तर्गत सर्लाहीका करिब एक दर्जन होटल तथा मिठाई पसललाई कारबाही गरेको छ।

गुणस्तरहीन खाद्य सामग्री प्रयोग गरेको, भान्सा अस्वच्छ राखेको तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएपछि ती व्यवसायीलाई जरिवाना गरिएको हो।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको नेतृत्वमा स्थानीय प्रशासन, नेपाल प्रहरी तथा प्राविधिक टोलीसहित मंगलबार सर्लाहीका विभिन्न क्षेत्रमा होटल तथा खाजा घरको अनुगमन गरिएको थियो।

अनुगमन टोलीले लालबन्दी, हरिवन, नयाँरोड, बागमती, बरहथवालगायतका क्षेत्रमा रहेका होटल, खाजा घर तथा फास्टफुड पसलको निरीक्षण गरेको थियो।

मन्त्री महतो स्वयं अनुगमनमा



सहभागी भई होटलका भान्सा, खाद्य सामग्री भण्डारण स्थल तथा खाना पकाउने अवस्थाको निरीक्षण गरेका थिए।

अनुगमनका क्रममा अधिकांश होटलमा सरसफाइको अभाव, गुणस्तरहीन खाद्य सामग्रीको प्रयोग, पटकपटक प्रयोग गरिएको तेलमा खाना पकाउने तथा मापदण्डविपरीत खाद्यवस्तु बिक्री गर्ने गरेको भेटिएको टोलीले जनाएको छ।

उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएपछि करिब एक दर्जन होटल तथा मिठाई पसललाई कारबाही गरिएको छ। कारबाहीस्वरूप चार लाख ३७ हजार रुपैयाँ जरिवाना असुल गरिएको सर्लाही प्रशासनले जनाएको छ।

त्यस्तै, केही होटल तथा खाजा घरलाई सुधार गर्न चेतावनीसमेत दिइएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेका अनुसार अनुगमनका क्रममा प्रयोग गर्न नमिल्ने तेल, अखाद्य खाद्य सामग्री तथा कुहिन थालेका तरकारी नष्ट गराइएको छ।

अनुगमनका क्रममा केही होटल सञ्चालकसँग सामान्य

बाँकी पृष्ठ ३मा


## मधेशमा फेरि लोडसेडिङ सुरु भएको दाबी

दैनिक समाचारदाता
काठमाडौँ २४ असार । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद शिवशंकर यादवले मधेश प्रदेशमा फेरि लोडसेडिङको समस्या देखिन थालेको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन्। प्रतिनिधिसभाको बुधबारको बैठकमा बोल्दै सांसद यादवले आफू बुधबार बिहान मधेशबाट काठमाडौं आएको उल्लेख गर्दै त्यहाँका नागरिकले पुनः लोडसेडिङको मार खेप्न थालेको बताए। उनले भने, "म आज बिहान १० बजे मधेशबाट काठमाडौं आएको हुँ। मधेशका जनताले फेरि एकपटक लोडसेडिङ भएको महसुस गरिरहेका छन्।"
सांसद यादवले मधेश प्रदेशमा पटक(पटक विद्युत् अवरुद्ध हुने समस्या कायमै रहेको भन्दै यसको दीर्घकालीन समाधान गर्न सरकारसँग माग गरे।




उनका अनुसार सिराहा जिल्लामा मात्रै २८ स्थानमा ट्रान्सफर्मर प्रतिस्थापन आवश्यक रहे पनि हालसम्म त्यसको व्यवस्था हुन सकेको छैन। "मेरो जिल्ला सिराहामा २८ ठाउँमा ट्रान्सफर्मर आवश्यक छ। ती प्रतिस्थापन नहुँदा पटक(पटक बत्ती जाने अवस्था छ," उनले भने। सरकारसँग ट्रान्सफर्मर खरिदका लागि बजेट अभाव हो वा अन्य कुनै समस्या भन्नेबारे संसद्लाई स्पष्ट जानकारी गराउन माग गर्दै उनले मधेशमा भइरहेको विद्युत् आपूर्तिको समस्या तत्काल समाधान गर्न आग्रह गरे।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# वर्षाको असन्तुलन र तयारीको चुनौती

नेपालमा मनसुन सुरु भएसँगै किसान, सर्वसाधारण र सरकार सबैको ध्यान आकाशतर्फ हुन्छ। मनसुनले समयमै पानी दियो भने खेतीपातीदेखि खानेपानीका स्रोतसम्म सहज हुन्छन्, तर यस वर्ष मधेस र लुम्बिनीका तराई क्षेत्रमा अपेक्षाअनुसार वर्षा हुन नसक्दा चिन्ता बढ्न थालेको छ। अर्कोतर्फ पहाडी क्षेत्रमा भने मध्यमदेखि भारी वर्षा भइरहेको छ। यसले मनसुनी वर्षाको असन्तुलित वितरणले देशका विभिन्न भूभागमा फरक-फरक चुनौती सिर्जना गरिरहेको स्पष्ट देखाएको छ।

मधेस नेपालको प्रमुख अन्न उत्पादन क्षेत्र हो। यही समयमा धान रोपाइँ तीव्र गतिमा अघि बढ्नुपर्ने भए पनि पर्याप्त वर्षा नहुँदा किसानहरू समस्यामा परेका छन्। समयमा रोपाइँ हुन नसके उत्पादन घट्ने जोखिम रहन्छ, जसको प्रत्यक्ष असर खाद्य सुरक्षा र ग्रामीण अर्थतन्त्रमा पर्छ। जलवायु परिवर्तनका कारण मौसमको अनिश्चितता बढ्दै गएको वर्तमान अवस्थामा यस्ता अवस्थालाई सामान्य घटनाका रूपमा लिन मिल्दैन।

यता पहाडी क्षेत्रमा भइरहेको भारी वर्षाले अर्को प्रकारको जोखिम निम्त्याएको छ। नदीमा आकस्मिक बहाव, पहिरो, सडक अवरोध, बाढी तथा सहरी डुबानको सम्भावना बढेको छ। जल तथा मौसम विज्ञान विभागले कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी क्षेत्रमा भारी वर्षाको चेतावनी दिँदै सतर्क रहन आग्रह गरेको छ। साथै मधेस र लुम्बिनीका केही स्थानमा हुरीबतासको सम्भावनाले कृषि, विद्युत् तथा सञ्चार सेवामा समेत असर पार्न सक्ने अवस्था देखिएको छ।

यस परिस्थितिमा मौसमको पूर्वानुमानलाई केवल सूचनाका रूपमा होइन, जोखिम व्यवस्थापनको आधारका रूपमा लिन आवश्यक छ। सम्बन्धित सरकारी निकायले पूर्वतयारीलाई प्रभावकारी बनाउनुपर्छ। स्थानीय तहहरूले सम्भावित बाढी, डुबान र पहिरो प्रभावित क्षेत्रमा उद्धार तथा राहतको तयारी गर्नुपर्छ। कृषकलाई वैकल्पिक सिँचाइ, बीउ तथा प्राविधिक सहयोग उपलब्ध गराउनेतर्फ पनि ध्यान दिन आवश्यक छ।

मौसम परिवर्तनका कारण प्राकृतिक विपद् र कृषि संकट दुवै बढिरहेका बेला दीर्घकालीन समाधानतर्फ राज्यले अझ गम्भीर बन्नुपर्छ। सिँचाइ पूर्वाधार विस्तार, जलस्रोत संरक्षण, विपद् पूर्वतयारी र मौसम पूर्वानुमान प्रणालीलाई स्थानीय तहसम्म प्रभावकारी रूपमा पुर्‍याउनु समयको माग हो। नागरिकले पनि विभागबाट जारी हुने अद्यावधिक सूचना पछ्याउने, जोखिमयुक्त क्षेत्रमा अनावश्यक आवतजावत नगर्ने तथा आवश्यक सतर्कता अपनाउने बानी बसाल्नुपर्छ।

मनसुन प्रकृतिको वरदान हो, तर यसको असन्तुलित प्रभाव चुनौती पनि बन्न सक्छ। त्यसैले पर्याप्त वर्षाको प्रतीक्षा मात्र होइन, सम्भावित जोखिमको पूर्वतयारी र वैज्ञानिक व्यवस्थापन नै आजको सबैभन्दा ठूलो आवश्यकता हो।

# अनलाइन ठगीबाट कसरी जोगिने ?



जीवन कुमार श्रेष्ठ

पछिल्लो समय अनलाइन ठगीका घटना निकै बढेको छ । विशेषतः अनलाइन ठगी बढ्नुमा इन्टरनेटको बढ्दो प्रयोग हो । सामाजिक सञ्जालको बढ्दो प्रयोग, डिजीटल भुक्तानीको प्रचलन पनि बढ्दै गएको छ । यस्ता प्रविधिमा दक्ष नभएका मानिस सजिलै ठगीमा पर्ने सम्भावना हुन्छ ।

कतिपय अवस्थामा मानिसहरू भ्रममा परेर, विश्वास र लोभमा परेर अनलाइन ठगीको सिकार भएका घटना छन् । ठगीमा संलग्नहरूले पहिचान लुकाएर ठगी गर्ने गरेका छन् । स्थानीय रूपमा मात्र नभएर सीमा पारबाट समेत अनलाइन ठगीका घटना भएको अवस्था छ ।

इन्टरनेटको व्यापक प्रयोग र जसरी डिजिटल भुक्तानीहरू भइरहेका छन्, अपराध गर्ने मान्छेहरूले त्यसलाई 'मौका' ठान्छन् । अनलाइन मार्केटिङ र अनलाइन सपिङबाट लोभ-लालचका कुरा आइरहेका छन् । मान्छेहरू लोभ, लालच र आफूले सामाजिक सञ्जाल अथवा अनलाइन भुक्तानी गर्दा अपनाउनुपर्ने सावधानी नअपनाएको कारण यस्ता ठगीको जालमा परेका हुन् । कम मेहनत गरेर छिटो नाफा कमाउन खोज्दा पनि मानिस ठगिन्छ ।

यसमा नियामक निकायहरूले सचेतना फैलाइरहनु पर्ने अवस्था देखिन्छ । अनुसन्धान गर्ने निकायले ठगी हुनै नदिनेतर्फ प्रयास नगरेको होइन । ठगी न्यूनीकरणका लागि काम भइरहेको छ । प्रहरीले अनलाइन ठगीबाट जोगिनका लागि सचेतनाका कुरा भन्दै आएको देखिन्छ, तर मानिसहरू त्यस्ता कुरालाई बेवास्ता गरेर अघि बढ्दा ठगीमा पर्ने गरेका छन् ।

विशेषगरी चिट्ठा परेको भ्रम, सामान आएको भ्रम, डिजिटल भुक्तानी दिँदा अथवा ओटीपीहरू सेयर नगर्नुस् भनेर सचेतनाको कार्यक्रम गरिरहेको अवस्था छ, तर त्यति हुँदाहुँदै पनि ठगीका धेरै घटना भएको छ । प्रहरीले द्रुत अनुसन्धान गरेर अपराधमा संलग्नहरूलाई कानुनी दायरामा ल्याइरहेको पनि छ ।

यस्ता ठगी नियन्त्रण गर्न नियमित रूपमा जनचेतनाका अभियान सञ्चालन गर्नुपर्छ । जस्तैः बैंक र डिजिटल भुक्तानी सेवा प्रदायक संस्था, दुरसञ्चार र सामाजिक सञ्जालहरूको बिचमा समन्वय बढाउनुपर्ने देखिन्छ । शङ्कास्पद नम्बर, वेबसाइट अनि शङ्कास्पद खाता पहिचान गरेर कारबाहीको दायरामा ल्याउनुपर्छ ।

ठगी भयो भनेर बसिराख्ने हैन कि साइबर निगरानी पनि गर्नुपर्छ । हामी त्यसलाई डिजिटल निगरानी र पट्रोल पनि भन्छौँ । अपराध नहोस् भनेर सुरक्षाकर्मीहरू भौतिक रूपमा गस्ती जान्छन्, त्यसैगरी साइबरको पनि निगरानी गर्नुपर्छ । कस्ता व्यक्ति घुमिरहेका छन्, कस्ता किसिमका फरम्याट आएका छन् र कस्तो विज्ञापन सत्य, को-कस्तो झुटो हो भनेर निगरानी बढाउनु जरुरी देखिन्छ ।

विद्यालय, कलेज र जनसमुदायस्तरमा साइबर के हो र साइबर ठगीबाट कसरी बच्ने भनेर सचेतनाको कार्यक्रम जोडदार गर्नुपर्छ । सचेतनालाई निरन्तरता दिनुपर्छ । जसरी विद्युतीय माध्यमबाट ठगीका घटना भइरहेका छन्, त्यसलाई सामना गर्न अहिलेको अनुसन्धान शैली र प्रहरीसँग भएको प्रविधि पर्याप्त छ ? छैन भने के-केमा सुधार गर्नुपर्ने देखिन्छ ? यसमा पनि ध्यान दिनुपर्छ ।

पहिला त साइबर सम्बन्धी अपराध प्रहरीको साइबर ब्युरोले मात्रै हेर्ने गरेको थियो । अहिले सबै जिल्ला प्रहरी कार्यालयलाई त्यस्तो मुद्दा अनुसन्धानको जिम्मेवारी दिइएको छ । साइबर अपराध अनुसन्धानको कार्यक्षेत्र विस्तार गरेको छ । अनुसन्धानको कार्यक्षेत्र विस्तार हुँदा पीडितहरू स्थानीय रूपमै प्रहरी युनिटहरूमा गएर उजुरी दिन पाउँदा अनुसन्धान छिटो र छरितो हुँदैछ, तर यतिले मात्रै पुग्दैन ।

प्रविधिको विस्तार जसरी भइरहेको छ, अनुसन्धान गर्ने स्रोत र साधन पनि त्यही अनुरुप बढाउनुपर्छ । अनुसन्धान गर्ने निकायको क्षमता अभिवृद्धि, जनशक्तिको क्षमता अभिवृद्धि पनि त्यही रूपमा विकसित र थप गर्नुपर्ने आवश्यकता छ । त्यस्तै बैंक, डिजिटल सेवा प्रदायक संस्था, टेलिफोन सेवा प्रदायक कम्पनीहरू र सामाजिक सञ्जाल र प्रहरीको एकीकृत नेटवर्क बनाउनुपर्छ ।

देशभित्र मात्र नभएर विदेशसँग पनि सञ्जाल, समन्वय र सूचना आदानप्रदान गर्नु जरुरी छ । घटनापछि अनलाइन ठगीको रकम रोक्ने तरिका हुन्छ । त्यो ट्र्याकिङ गर्ने सिस्टम सुधार गरेर तत्काल सम्बन्धित बैंक तथा वालेटबाट सो रकम रोकिहाल्नुपर्छ । सेवा प्रदायकलाई सूचना दिने र तत्काल ट्र्याक गर्ने सिस्टम एकीकृत रूपमै बनाउनुपर्छ ।

### *ठगीका नयाँ-नयाँ शैली*

पछिल्लो अनलाइन ठगीको ट्रेन्ड हेर्दा अपराधीहरूले नयाँ-नयाँ शैली प्रयोग गर्ने गरेका छन् । तपाईंलाई चिट्ठा परेको छ, त्यो पाउन केही भुक्तानी गर्नुस् भन्ने ठगीको शैली देखिन्छ । त्यस्तै, तपाईंको साथीले विदेशबाट पठाएको सामान भन्सारमा रोकिएको छ, फुकुवा गर्न रकम पठाउनु भन्ने तथा विदेशमा राम्रो रोजगारी छ भनेर लोभ देखाएर हुने ठगीका शैली नयाँ देखिन्छ ।

प्रेम सम्बन्ध राखेर अनेक हर्कत र ब्ल्याकमेलिङका घटना पनि देखिन्छन् । बैंकको स्टाफ बोलेको भन्दै केवाईसी भर्ने नाममा ओटीपी सेयर गर्न लगाउने, स्क्रिन सेयर गर्न लगाउने र सामाजिक सञ्जाल ह्याक गरेर रकम माग्ने घटना अहिले बढी देखिन्छ ।

अहिले अत्यधिक देखिएको शैली सस्तोमा मोबाइल र अन्य ग्याजेट पाइन्छ भनेर ठग्ने हो । मुख्य त हामीले कस्तो सामान, कुन विक्रेताबाट खरिद गर्दैछौँ भनेर यकिन गर्नुपर्छ । भुक्तानी पहिल्यै गर्ने होइन, सामान आफूले प्राप्त गरेपछि भुक्तानी दिने गर्नुपर्छ । हामीले सामानको बजार मूल्य पनि यकिन गर्नुपर्छ । १ लाख पर्ने सामान ६५ हजारमा किन बेच्न खोजिरहेको छ विक्रेताले भनेर पनि विचार गर्नुपर्छ । यसमा सचेत हुन आवश्यक छ ।

मानिसहरूमा अलिकति अल्छीपना र विस्तृतमा नबुझ्ने प्रवृत्ति छ । राम्रोसँग नबुझिकन अनलाइन सपिङ गरेर सामान मगाउने फेसनजस्तो भएको छ । सस्तोमा पाइन्छ भनेर लोभमा परेर वास्तविकता नबुझिकन सामान मगाउने प्रवृत्ति बढेको छ । त्यसकारण हामीले सामान विक्रेता को हो, भुक्तानीको माध्यम के हो र मार्केटिङ कसले गरिरहेको छ भनेर बुझ्न जरुरी छ । बुझेरमात्रै राम्रोसँग कारोबार गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

दैनिक रूपमा ठगी बढ्नुमा विभिन्न फ्याक्टरको भूमिका हुन्छ । मुख्य त हामीमा अहिले डिजिटल कारोबारहरू बढी भएको छ । डिजिटल कारोबार गर्दा विवरण, भुक्तानी माध्यम, सामान बिक्री गर्ने संस्थाको बारेमा नुबझिकन कारोबार गर्दा ठगीका घटना बढेको छ । सामाजिक सञ्जालको व्यापक प्रयोग र प्रविधिको एकदमै बढोत्तरी भएको अवस्थालाई मौकाका रूपमा लिएर अपराधीहरूले ठगी गर्ने गरेका छन् । प्रविधिमा परिवर्तन भएसँगै अपराध गर्ने शैली धामधम परिवर्तन गरिरहेको अवस्था छ ।

ठगीका घटना रोक्न सचेतनाको सबैभन्दा ठुलो भूमिका हुन्छ । सचेतना बढाउन बैंकहरूले पनि भूमिका खेल्नुपर्छ । ठगीबाट जोगिनको लागि बैंकहरूले पासवर्ड बलियो राख्नुस्, ओटीपी सेयर नगर्नुस्, स्क्रिन सेयर नगर्नुस् भनेर अवेयरनेसका कार्यक्रमहरू गरेको देखिन्छ । प्रहरीले पनि गरिरहेको छ । अझ बढीभन्दा बढी अनुसन्धान गर्ने निकाय, बैंक, दुरसञ्चार र डिजिटल भुक्तानीका माध्यमले यसमा भरपर्दो समन्वय गर्न जरुरी हुन्छ । सेवा प्रदायकले एकपटक मात्र सूचना दिएर पुग्दैन, हाम्रोमा बिर्सिने संस्कार भएको हुनाले निरन्तर रुपमा सचेतनाको अभियान चलाउनु पर्छ । त्यस्ता खाले ठगीबाट जोगिन बलियो पासवर्ड कसरी राख्ने भन्नेबारे सचेतना बैंकिङ क्षेत्रबाटै हुनुपर्ने देखिन्छ ।

*(प्रहरीबाट अवकाश प्राप्त एसएसपी श्रेष्ठसँग रातोपाटीकर्मी राजेश भण्डारीले गरेको कुराकानीमा आधारित)*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ‘लू’ लाग्ने लक्षण र बच्ने उपाय



काठमाडौँ । विश्वव्यापी तापक्रम वृद्धिसँगै नेपालका विभिन्न क्षेत्रमा तापलहर (लू) को जोखिम बढ्न थालेको भन्दै स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले नागरिकलाई आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ।

मन्त्रालयका सहायक प्रवक्ता डा. समीरकुमार अधिकारीले मनसुनका बेला पनि तातो हावाको प्रभाव देखिन सक्ने पूर्वानुमान रहेकाले विशेष सावधानी अपनाउनुपर्ने बताए। उनले लूको उच्च जोखिम रहेका तराईका जिल्लामा जोखिम न्यूनीकरणका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको जानकारी दिए।

उनका अनुसार अत्यधिक गर्मी हुने दिउँसोको समयमा सकेसम्म बाहिरको काम नगरी बिहान वा साँझ गर्ने, पर्याप्त मात्रामा पानी र झोलिलो खानेकुरा सेवन गर्ने तथा पर्याप्त आराम गर्ने बानी बसाल्नुपर्छ। उच्च तापक्रमले आँखा र छालामा समेत दीर्घकालीन असर पार्न सक्ने भएकाले घरबाहिर निस्कँदा आवश्यक सावधानी अपनाउन उनले आग्रह गरे।

मन्त्रालयले बालबालिका, ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरू तापलहरको उच्च जोखिममा रहने भएकाले उनीहरूलाई विशेष संरक्षण गर्नुपर्ने जनाएको छ। साथै धूम्रपान र मद्यपानबाट टाढा रहन, शरीरमा पानीको मात्रा सन्तुलित राख्न तथा स्वास्थ्यमा असामान्य समस्या देखिएमा तत्काल स्वास्थ्यकर्मीसँग परामर्श लिन पनि आग्रह गरेको छ।

डा. अधिकारीले भने, “मनसुन सुरु भएसँगै पनि तातो हावाको जोखिम रहन सक्छ। त्यसैले हामी सबैले आ-आफ्नो ठाउँबाट पूर्वतयारी गर्नुपर्छ। दिउँसो गर्ने काम बिहान वा साँझ सार्ने, घरमै बस्ने, झोलिलो खानेकुरा खाने र पर्याप्त आराम गर्ने बानी अपनाउनुपर्छ। हिट वेभका कारण आँखा तथा छालामा दीर्घकालीन समस्या हुन सक्छ। कुनै असहजता महसुस भए तुरुन्त स्वास्थ्यकर्मीसँग परामर्श लिनुहोस्।”

***‘लू’ भनेको के हो?***

तापलहर (लू) भनेको कुनै क्षेत्रको सामान्य औसतभन्दा लामो समयसम्म अत्यधिक तापक्रम रहने अवस्था हो। प्रायः उच्च आर्द्रतासँगै देखिने यस अवस्थाले शरीरमा पानीको कमी (डिहाइड्रेसन), हिटस्ट्रोक तथा मुटुसम्बन्धी समस्या निम्त्याउन सक्छ। जलवायु परिवर्तनका कारण विश्वव्यापी तापक्रम बढ्दै जाँदा यसको जोखिम पनि बढिरहेको विज्ञहरू बताउँछन्।

***लू लाग्नुका प्रमुख कारण***

- जलवायु परिवर्तनका कारण बढ्दो तापक्रम
- अव्यवस्थित सहरीकरण र कंक्रिट संरचनाको विस्तार
- वन विनाशका कारण प्राकृतिक चिसोपनमा कमी

***लूका प्रमुख लक्षण***

- अत्यधिक तिर्खा लाग्नु, मुख सुक्नु र थकान (डिहाइड्रेसन)
- रिँगटा लाग्नु, धेरै पसिना आउनु र कमजोरी महसुस हुनु
- शरीरको तापक्रम अत्यधिक बढ्नु, अन्योल वा बेहोस हुनु (हिटस्ट्रोक)
- मुटुको धड्कन बढ्नु र छातीमा असहजता हुनु

***तापलहरबाट बच्ने उपाय***

- दिउँसोको अत्यधिक गर्मीमा बाहिर ननिस्कने।
- बिहान वा साँझको समयमा आवश्यक काम गर्ने।
- हल्का, खुकुलो र सुतीका कपडा लगाउने।
- प्रशस्त पानी तथा झोलिलो खानेकुरा सेवन गर्ने।
- चिसो वा छायायुक्त स्थानमा बस्ने।
- अत्यधिक शारीरिक श्रम नगर्ने।
- चिकित्सकको सल्लाहअनुसार नियमित औषधि सेवन गर्ने।
- रक्तचाप र मधुमेहजस्ता दीर्घरोगको नियमित निगरानी गर्ने।
- स्वास्थ्यमा असामान्य समस्या देखिएमा तत्काल स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

# धनुषा सीमाबाट ९.६८ लाखका अवैध सामान बरामद

दैनिक समाचारदाता

जनकपुरधाम, २४ असार । धनुषाका विभिन्न सीमा नाकामा सशस्त्र प्रहरीले निगरानी कडा बनाउँदै भारतबाट भन्सार छली गरी नेपाल भित्र्याइँदै गरिएका करिब ९ लाख ६८ हजार रुपैयाँभन्दा बढी मूल्यका अवैध सामान बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ८ गण मुजेलियाबाट परिचालित गस्ती टोलीले नियमित सीमा गस्तीका क्रममा लत्ताकपडा, किराना सामग्री, मोटरसाइकल तथा अटो रिक्सासहितका सामान नियन्त्रणमा लिएको हो।

प्रारम्भिक अनुसन्धानअनुसार ती सामान भन्सार प्रक्रिया पूरा नगरी भारतबाट नेपाल भित्र्याइँदै गरिएको सशस्त्र प्रहरीले जनाएको छ। नं. ८ गणका प्रमुख एसपी भीमबहादुर बिष्टका अनुसार बरामद गरिएका सामान तथा सवारीसाधनको अनुमानित मूल्य ९ लाख ६८ हजार ३ सय रुपैयाँ रहेको छ। बरामद गरिएका सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित भन्सार कार्यालयमा बुझाइने प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरीका अनुसार सीमा क्षेत्रमा हुने भन्सार छली तथा अवैध ओसारपसार नियन्त्रणका लागि नियमित गस्ती, निगरानी र चेकजाँचलाई थप प्रभावकारी बनाइएको छ।

# उखु अनुदान र मल अभाव बारे सरकारको ध्यानाकर्षण

दैनिक समाचारदाता

काठमाडौँ २४ असार । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसद अभिषेक प्रताप शाहले उखु किसानले पाउनुपर्ने सरकारी अनुदान रकम भुक्तानीमा ढिलाइ भएको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन्।

प्रतिनिधिसभाको बुधबारको बैठकमा बोल्दै उनले बर्दियाका उखु किसानहरू आफूहरूलाई भेट्न आएको जानकारी दिँदै किसानको समस्या तत्काल समाधान गर्न आग्रह गरे।

उनका अनुसार राजापुर सुगर एण्ड केमिकल इन्डस्ट्री प्रालिले २०८२ पुस २२ गतेदेखि चैत १२ गतेसम्म बर्दियाको राजापुर नगरपालिका(५, बदालपुरका किसानबाट लाखौँ क्विन्टल उखु खरिद गरेको थियो। कम्पनीले किसानलाई प्रतिक्विन्टल ६२० रुपैयाँका दरले सबै भुक्तानी गरिसकेको भए पनि नेपाल सरकारले प्रतिक्विन्टल ७० रुपैयाँका दरले उपलब्ध गराउनुपर्ने उखु कृषक अनुदान रकम अझै भुक्तानी गरेको छैन। सांसद शाहले अनुदान रकम भुक्तानीमा ढिलाइ हुँदा किसान चिन्तित बनेको उल्लेख गर्दै सम्बन्धित मन्त्रालयले रकम निकासा गर्न आनाकानी गरिरहेको आरोप लगाए। उनले किसानले पाउनुपर्ने अनुदान यथाशीघ्र उपलब्ध गराउन सरकारसँग माग गरे।

यससँगै उनले मधेशसहित देशभर धान रोपाइँ चलिरहेको बेला रासायनिक मलको अभावले किसान आक्रान्त बनेको बताए।

“सरकारी कागजमा सबै कुरा सहज देखिए पनि व्यवहारमा किसानले आवश्यक मल पाएका छैनन्,” उनले भने, “यस्ता अत्यावश्यक विषयमा सरकार गम्भीर भएर तत्काल समाधान गर्नुपर्छ।”

## सर्लाहीमा....

विवादसमेत भएको थियो। तर उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषय भएकाले मापदण्ड पालना गराउन कुनै सम्झौता नगर्ने मन्त्री महतोले स्पष्ट पारे।

उनले होटल व्यवसायलाई व्यवस्थित, स्वच्छ र सुरक्षित बनाउन प्रदेशभर अनुगमन अभियानलाई निरन्तरता दिइने बताए।

“नागरिकले पैसा तिरेर स्वस्थकर खाना पाउने अधिकार राख्छन्। उपभोक्ताको स्वास्थ्यमा खेलबाड गर्ने कार्य कुनै पनि हालतमा स्वीकार्य हुँदैन,” मन्त्री महतोले भने।

प्रदेश सरकारको लक्ष्य मधेशका करिब ६४ लाख नागरिकलाई सुरक्षित र गुणस्तरीय खाद्य सेवा उपलब्ध गराउनु रहेको उल्लेख गर्दै उनले होटल तथा खाद्य व्यवसायीलाई तोकिएका मापदण्ड पूरा गरेर मात्रै व्यवसाय सञ्चालन गर्न आग्रह गरे।

प्रदेश सरकारले धनुषाबाट सुरु गरेको होटल अनुगमन अभियान अहिले सर्लाही पुगेको छ भने आगामी दिनमा मधेश प्रदेशका अन्य जिल्लामा पनि विस्तार गरिने जनाएको छ।

## शरणार्थी............

कानेपोखरी गाउँपालिका(५ का बासिन्दा हुन्। मोरङको पथरीशनिश्चरे घर भएकी दीपा हुमागाईं ललितपुरमा बस्दै आएको जनाइएको छ। तत्कालीन गृहमन्त्री रामबहादुर थापा ‘बादल’का सुरक्षा सल्लाहकार रहेका डा. इन्द्रजित राईका छोरा नीरज राई पनि अझै फरार सूचीमै छन्। इन्द्रजित राईलाई भने प्रहरीले पक्राउ गरी मुद्दा चलाएको थियो। राजेश अर्याल काठमाडौँको जितपुरफेदीका, मोहनराज राई पाँचथरको मिक्लाजुङ गाउँपालिकाका, विनीता सावदेन लिम्बु मोरङको पथरीशनिश्चरे नगरपालिका(१० की तथा सुनिल बुढाथोकी झापाको गौरादहका बासिन्दा हुन्। असार २३ गते काठमाडौँ जिल्ला अदालतका न्यायाधीश तेजबहादुर खड्काले शरणार्थी प्रकरणमा अन्तिम सुनुवाइ गर्दै फरार प्रतिवादीहरूको हकमा मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ९८ बमोजिम मुल्तबीमा राख्ने फैसला गरेका छन्।

काठमाडौँ जिल्ला अदालतका श्रेस्तेदार घनेन्द्र अधिकारीका अनुसार हाल कसुर ठहर आदेश मात्र भएको छ। पूर्ण फैसला आएपछि फरार प्रतिवादीहरूको हकमा पनि आवश्यक व्याख्या हुनेछ।

महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सहन्यायाधिवक्ता अच्युतमणि नेउपानेका अनुसार फरार प्रतिवादी पक्राउ परेमा वा अदालतमा उपस्थित भएमा उनीहरूको मुद्दाको सुनुवाइ पुनः सुरु हुनेछ। साथै, प्रतिवादी उपस्थित नभए पनि तीन वर्षपछि अदालतले मुद्दा पुनः ब्युँताएर फैसला गर्न सक्ने कानुनी व्यवस्था रहेको उनले बताए।

# महोत्तरीमा सूर्तिजन्य पदार्थ बिक्रीमा कडाइ

दैनिक समाचारदाता

महोत्तरी, २४ असार । महोत्तरी जिल्ला प्रशासन कार्यालयले सूर्तिजन्य पदार्थको गैरकानुनी बिक्री, वितरण तथा उपभोग नियन्त्रण गर्न कडाइ गर्ने भएको छ ।

बालबालिका, किशोरकिशोरी, विद्यार्थी तथा गर्भवती महिलामा सूर्तिजन्य पदार्थको बढ्दो प्रयोगप्रति चिन्ता व्यक्त गर्दै प्रशासनले कानुनी व्यवस्था कडाइका साथ कार्यान्वयन गरिने जनाएको हो ।

प्रमुख जिल्ला अधिकारीको कार्यालयद्वारा जारी सूचनाअनुसार १८ वर्षभन्दा कम उमेरका व्यक्ति तथा गर्भवती महिलालाई कुनै पनि प्रकारका सूर्तिजन्य पदार्थ बिक्री, वितरण वा निःशुल्क उपलब्ध गराउन पूर्ण प्रतिबन्ध लगाइएको छ। यस्तो कार्य गरेमा कानुनबमोजिम कारबाही गरिने प्रशासनले चेतावनी दिएको छ ।

त्यसैगरी, विद्यालय, कलेज, अस्पताल, स्वास्थ्य संस्था, बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय तथा नेपाल सरकारले तोकेका सार्वजनिक स्थलबाट कम्तीमा १०० मिटरको दूरीभित्र रहेका पसल वा व्यवसायबाट सूर्तिजन्य पदार्थ बिक्री(वितरण गर्न नपाइने व्यवस्था पुनः स्मरण गराइएको छ ।

जिल्ला प्रशासन कार्यालयले सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ विपरीत गतिविधि गरेको पाइएमा ऐनको दफा १७ बमोजिम कडा कानुनी कारबाही र दण्ड(सजाय हुने जनाएको छ ।

प्रशासनले महोत्तरीका सबै स्थानीय तह, सुरक्षा निकाय, उद्योगी(व्यवसायी, नागरिक समाज तथा सर्वसाधारणलाई कानुनी व्यवस्थाको पूर्ण पालना गर्न आग्रह गरेको छ ।

साथै, सूर्तिजन्य पदार्थ नियन्त्रण अभियानलाई प्रभावकारी बनाउन नियमित अनुगमन तथा निरीक्षणसमेत गरिने जानकारी दिएको छ ।

जिल्ला प्रशासन कार्यालयका अनुसार जनस्वास्थ्यमा गम्भीर असर पार्ने चुरोट, बिँडी, खैनी, गुट्खा, सिगारलगायत सूर्तिजन्य पदार्थको अनियन्त्रित बिक्री र प्रयोग रोक्न सबै पक्षको सहकार्य आवश्यक छ ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# १५ वर्षदेखि अलपत्र कमला पुल, स्थानीयवासी जोखिममा

दैनिक समाचारदाता
जनकपुरधाम, २४ असार । धनुषा(सिरहा हुलाकी सडकअन्तर्गत कमला नदीमाथि निर्माणाधीन पुल १५ वर्ष बितिसक्दा पनि सम्पन्न हुन नसक्दा स्थानीयवासी अझै जोखिमपूर्ण यात्रा गर्न बाध्य छन्। पटकपटक ठेकेदार परिवर्तन, म्याद थप, बाढीबाट भएको क्षति र बजेट अभावका कारण पुल निर्माण लामो समयदेखि अलपत्र परेको हो।



पूर्वी मधेशलाई जनकपुरधामसँग सिधा जोड्ने महत्वपूर्ण पूर्वाधारका रूपमा हेरिएको यो पुल निर्माण नहुँदा वर्षायाममा नदीमा पानी बढेपछि स्थानीयवासी डुङ्गाको भर पर्न बाध्य छन्। पानी कम भएका बेला भने ढुङ्गा वा बाँसको अस्थायी संरचनामार्फत नदी तर्नुपर्ने अवस्था छ।

२०६८ साल जेठमा भएको ठेक्का सम्झौताअनुसार पुल २०७१ साल मंसिरभित्र सम्पन्न हुनुपर्ने थियो। तर निर्माण कम्पनीको लापरवाही तथा विभिन्न प्रशासनिक र प्राविधिक समस्याका कारण तोकिएको समयमा काम पूरा हुन सकेन। स्थानीय देबु राउतले पुल नबन्दा हरेक यात्रा जोखिमपूर्ण बनेको भन्दै निर्माणमा भएको ढिलाइका लागि ठेकेदारलाई मुख्य जिम्मेवार ठहराए।

लोहारपट्टी नगरपालिका निवासी सीताशरण ठाकुरले सिरहा पुग्ने छोटो मार्ग भएकाले जोखिम हुँदाहुँदै पनि यही बाटो प्रयोग गर्नुपर्ने बाध्यता रहेको बताए। वर्षौंदेखि पुल छिट्टै बन्ने आश्वासन सुन्दै आए पनि अवस्था नफेरिएको उनको गुनासो छ।

पुल निर्माणको जिम्मा सुरुमा पप्पु कन्स्ट्रक्सनलाई दिइएको थियो। काम अलपत्र परेपछि २०७६ सालमा उक्त कम्पनीलाई हटाएर लुम्बिनी बिल्डर्सलाई जिम्मेवारी दिइयो। तर २०७८ सालको बाढीले पुलका दुई पिलरको जगमा क्षति पुऱ्याएपछि निर्माण कार्य पुनः प्रभावित भयो। त्यसपछि निर्माण कम्पनीबीचको विवाद र बजेट अभावले काम थप सुस्त बनाएको छ।

पुल निर्माण सुरु भएयता चारवटा संघीय निर्वाचन सम्पन्न भइसकेका छन्। प्रत्येक निर्वाचनमा नेताहरूले कमला पुललाई प्रमुख चुनावी एजेन्डा बनाउँदै छिट्टै निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाए पनि ती प्रतिबद्धता व्यवहारमा रूपान्तरण हुन नसकेको स्थानीयको आरोप छ।

स्थानीय काशी साफीले चुनावका बेला पुल निर्माणको आश्वासन दिएर मत माग्ने नेताहरू निर्वाचनपछि फर्केर समेत नहेर्ने गरेको बताए। अर्का स्थानीय रामसागर पण्डितले आफ्नो जीवनकालमै पुल सञ्चालनमा आउने(नआउने अन्योल रहेको भन्दै सरकारको उदासीनताप्रति असन्तुष्टि व्यक्त गरे।

कमला पुल निर्माणलाई गति दिन गठित संघर्ष समितिले संघीय र प्रदेश सरकारसँग पटकपटक पहल गर्दै आएको छ। समितिका संयोजक इन्जिनियर प्रवीण यादवका अनुसार प्रदेश सरकारले २०८१ मंसिरभित्र विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरी बजेट सुनिश्चित गर्ने सहमति गरे पनि त्यसको कार्यान्वयन हुन सकेको छैन।

उनले प्रदेश सभाका सभामुखलाई ज्ञापनपत्र बुझाएर तत्काल बजेट व्यवस्था गर्न माग गरिएको स्मरण गराउँदै आश्वासनबाहेक ठोस प्रगति नभएको बताए।

कमला पुल समयमै सम्पन्न हुन नसक्दा स्थानीयवासी, यात्रु तथा व्यवसायीले दैनिक सास्ती खेपिरहेका छन्। निर्माणमा भएको ढिलाइले यातायात, व्यापार, सेवा प्रवाह तथा समग्र जनजीवनमा प्रत्यक्ष असर परेको छ। पटकपटक म्याद थपिए पनि पुल सञ्चालनमा आउन नसक्दा निर्माण व्यवस्थापन र सरकारी निगरानीमाथि प्रश्न उठेको छ। स्थानीयवासीले अब थप आश्वासन होइन, निर्माण कार्यलाई तीव्रता दिई कमला पुल यथाशीघ्र सञ्चालनमा ल्याउन सरकारसँग माग गरेका छन्।

# मन्त्रिपरिषद् बैठकका ८ निर्णय सार्वजनिक



दैनिक समाचारदाता
काठमाडौँ २४ असार । मन्त्रिपरिषद् बैठकका ८ निर्णय सार्वजनिक गरिएको छ । सरकारका प्रवक्ता समेत रहेका शिक्षा मन्त्री सस्मित पोखरेलले बुधबार बसेको मन्त्रिपरिषद् बैठकमा ८ निर्णय सार्वजनिक गरेका हुन्।

बैठकले काठमाडौँ उपत्यका विकास प्राधिकरणको विकास आयुक्त पदमा सुरज शाक्यलाई नियुक्त गर्ने निर्णय गरेको छ । गेटा अस्पताल, कैलालीलाई शहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको शिक्षण अस्पतालको रूपमा सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने,विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली, २०८३ स्वीकृत गर्ने,शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय समेत बैठकले गरेको मन्त्री पोखरेलले बताए।

कारागार नियमावली, २०८३,मानव अधिकारसम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना (२०८३/०८४-२०८७/८८),भ्रष्टाचार विरूद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना (२०८२।८३-२०८७।८८) स्वीकृत गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको मन्त्री पोखरेलले बताए।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव गोविन्द बहादुर कार्कीलाई नेपाल सरकारको मुख्य सचिव पदमा नियुक्ति गर्ने निर्णय समेत मन्त्रिपरिषद् बैठकले गरेको छ।

# धनुषा सीमाबाट ९.६८ लाखका अवैध सामान बरामद

दैनिक समाचारदाता
जनकपुरधाम, २४ असार । धनुषाका विभिन्न सीमा नाकामा सशस्त्र प्रहरीले निगरानी कडा बनाउँदै भारतबाट भन्सार छली गरी नेपाल भित्र्याइँदै गरिएका करिब ९ लाख ६८ हजार रुपैयाँभन्दा बढी मूल्यका अवैध सामान बरामद गरेको छ।


सशस्त्र प्रहरी बल नेपाल नं. ८ गण मुजेलियाबाट परिचालित गस्ती टोलीले नियमित सीमा गस्तीका क्रममा लत्ताकपडा, किराना सामग्री, मोटरसाइकल तथा अटो रिक्सासहितका सामान नियन्त्रणमा लिएको हो।

प्रारम्भिक अनुसन्धानअनुसार ती सामान भन्सार प्रक्रिया पूरा नगरी भारतबाट नेपाल भित्र्याइँदै गरिएको सशस्त्र प्रहरीले जनाएको छ। नं. ८ गणका प्रमुख एसपी भीमबहादुर बिष्टका अनुसार बरामद गरिएका सामान तथा सवारीसाधनको अनुमानित मूल्य ९ लाख ६८ हजार ३ सय रुपैयाँ रहेको छ। बरामद गरिएका सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित भन्सार कार्यालयमा बुझाइने प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरीका अनुसार सीमा क्षेत्रमा हुने भन्सार छली तथा अवैध ओसारपसार नियन्त्रणका लागि नियमित गस्ती, निगरानी र चेकजाँचलाई थप प्रभावकारी बनाइएको छ।

# महोत्तरी सहित सात जिल्लामा बर्डफ्लु नियन्त्रण

दैनिक समाचारदाता
काठमाडौँ २४ असार । झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन र नवलपरासीमा बर्डफ्लु रोग नियन्त्रणमा आएको छ । बर्डफ्लु सङ्क्रामक रोग हो । पन्छीजन्य यो रोग पछिल्लोपटक ११ जिल्लामा फैलिएको थियो । पशुसेवा विभागका अनुसार चार जिल्ला क्रमशः काठमाडौँ, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोकमा बर्डफ्लु नियन्त्रणमा आउन सकेको छैन ।



रोगलाई नियन्त्रण गर्न विभागले प्रविधिक टोली परिचालन गरी सङ्क्रमित क्षेत्रका सम्पूर्ण पन्छी, पन्छीजन्य पदार्थ तथा पन्छी उत्पादन सामग्री नष्ट गरी सुरक्षित व्यवस्थापन गरेको विभागका प्रवक्ता डा मुकुल उपाध्यायले जानकारी दिए ।

रोग नियन्त्रणका क्रममा पशु क्वारेन्टाइन कार्यालयले उच्च सतर्कता अपनाएर गस्ती परिचालन गरी अवैध रुपमा पैठारी गरिएका पन्छी नष्ट गरिएको थियो । हाल रोग नियन्त्रणमा आएपश्चात् ओसारपसार खुकुलो बनाइएको विभागले जनाएको छ ।

विभागका प्रवक्ता उपाध्यायका अनुसार बर्डफ्लु पन्छीमा लाग्ने उच्च मृत्युदर भएको सङ्क्रामक रोग भएकाले रोग देखा परेको क्षेत्रमा सङ्घ, प्रदेश तथा स्थानीय तहको समन्वय र सहकार्यमा आवश्यक जनशक्ति परिचालन गरिएको जानकारी दिए ।

# ’ठुलालाई चैन, सानालाई ऐन’ : सांसद राई

दैनिक समाचारदाता
काठमाडौँ २४ असार । नेपाल श्रम संस्कृति पार्टीका सांसद हर्कराज राईले प्रधानमन्त्रीलाई गाली गरेको आरोपमा एक युवालाई पक्राउ गर्ने तर मन्त्री र सांसदका विवादास्पद अभिव्यक्तिमाथि कारबाही नगरेर सरकारले दोहोरो मापदण्ड अपनाएको आरोप लगाएका छन्।



प्रतिनिधिसभाको बुधबारको बैठकमा बोल्दै उनले प्रधानमन्त्रीलाई गाली गरेको आरोपमा युवालाई हिरासतमा राखिएको तर ‘निर्माण व्यवसायीको खुट्टा भाँचिदिन्छु’ भन्ने मन्त्री र ‘प्रहरीलाई सडकमा घिसार्छु’ भन्ने सांसदमाथि किन कारबाही नभएको भन्दै प्रश्न उठाए।

‘प्रधानमन्त्रीलाई गाली गरेको आरोपमा एक युवालाई हिरासतमा राखियो, तर निर्माण व्यवसायीको खुट्टा भाँचिदिन्छु भन्ने मन्त्री र प्रहरीलाई सडकमा घिसार्छु भन्ने सांसदलाई किन कारबाही हुँदैन ? ठुलालाई चैन, सानालाई ऐन कहिलेसम्म ?,’ उनले भने।

सांसद राईले नागरिकलाई गल्ती सच्याउने अवसर दिनुपर्ने तर राज्यले प्रतिशोधको भावनाले काम गर्न नहुने बताए।


सरकारको कार्यशैलीका कारण मुलुकमा लोकतन्त्रको सट्टा अराजकता मौलाउँदै गएको दाबी गर्दै उनले प्रधानमन्त्री बालेन्द्र शाहको पछिल्लो अभिव्यक्ति र सरकारको दोहोरो व्यवहारप्रति पनि आपत्ति जनाए।

उनले कानुन र नियम सबैका लागि समान रूपमा लागू हुनुपर्नेमा जोड दिँदै भने, ‘जब लोकतन्त्रमा नियम मानिँदैन वा एकथरीलाई मात्र नियम लाग्छ, त्यहाँबाट अराजकता सुरु हुन्छ। अहिले संसद् र सरकार बिस्तारै त्यही दिशातर्फ उन्मुख भएको देखिन्छ।’

सांसद राईले प्रधानमन्त्रीलाई संसद्मा उपस्थित गराई आफ्ना अभिव्यक्तिबारे स्पष्टीकरण दिन सभामुखले रुलिङ गर्नुपर्ने मागसमेत गरे। यसैबीच, उनले सुर्खेत जिल्ला प्रशासन कार्यालयमा बुद्धको मूर्तिलाई साङ्लोले बाँधेर राखिएको घटनाप्रति गृहमन्त्रीको ध्यानाकर्षण गराउँदै सरकारले यस्ता संवेदनशील विषयमा गम्भीर हुनुपर्ने बताए।

‘मान्छेलाई थुनेको त देखिएको थियो, तर शान्तिका अग्रदूत बुद्धको मूर्तिलाई नै साङ्लोले बाँधेर राख्नुपर्ने कारण के हो ? यस्ता संवेदनशील विषयमा सरकार गम्भीर हुनुपर्छ,’ उनले भने।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४